NATIONWIDE CHILDREN'S
*When your child needs a hospital, everything matters.*℠

# रोगी एकाउन्ट्स – हस्पिटल बिलिङ्ग
# नीतिहरू एवम् प्रक्रियाहरू (NEPALI)

| नीतिको शीर्षक: **वित्तीय सहायता** | प्रभावी तारिख 01/01/2016 |
|---|---|
| सेक्शन: रोगी वित्तीय सेवाहरू | संशोधित तारिख: 17/4/2017, 4/12/2017, 7/3/2019, 15/10/2019, 19/11/2019, 1/1/2021 |

**उद्देश्य एवम् कार्यक्षेत्र:**

यो नीतिको उद्देश्य नेशनवाइड चिल्ड्रेन्स हस्पिटल (नेशनवाइड चिल्ड्रेन्स) अनि यसका मातहत संस्थाहरूमा रहेका ती रोगीहरूको वित्तीय सहायताको निर्धारणको लागि मानक प्रक्रियाहरूको स्थापना गर्नु हो जसलाई वित्तीय सहायताको खाँचो छ। यो नीतिले निःशुल्क वा छूटको दरमा सेवा प्राप्त गर्नको लागि योग्य ठहर हुनसक्ने रोगीहरू एवम् परिवारहरूको पहिचान निम्ति एक प्रक्रियालाई स्थापित गर्छ अनि रोगी एकाउन्ट्स विभाग, अस्पतालका कर्मी र बाह्य भेन्डर (विक्रेता)-हरूका प्रतिनिधिहरूले यही प्रक्रियाको अनुसरण गरेर सो पहिचान गर्नुपर्छ। नेशनवाइड चिल्ड्रेन्स रोगी एकाउन्ट्स विभाग, कुनै व्यक्ति वित्तीय सहायताको लागि योग्य छ वा छैन तथा नेशनवाइड चिल्ड्रेन्स असाधारण सङ्ग्रह कार्यवाहीहरूमा संलग्न हुनभन्दा पहिले यथोचित कार्यवाहीहरू गरिएका छन् वा छैनन्, सो निर्धारित गर्ने अन्तिम प्राधिकारी हो। वित्तीय सहायताको लागि सबै रोगीहरू योग्य ठहर हुन सक्छन् भन्नको तात्पर्य, यसमा नसल, वर्ण, आस्था, जाति, राष्ट्रिय मूल, उमेर, लिङ्ग, यौन प्रवृत्ति, लैङ्गिक पहिचान, धर्म वा अपाङ्गताको आधारमा कुनै प्रकारको भेदभाव गरिँदैन।

यस नीति अन्तर्गत पर्ने सेवाहरूमा नेशनवाइड चिल्ड्रेन्स तथा यसका मातहत संस्थाहरूद्वारा उपलब्ध गराइने सबै सङ्कटकालीन एवम् चिकित्सकीय दृष्टिले आवश्यक सेवा-उपचार सामेल छन्।

नेशनवाइड चिल्ड्रेन्स-ले वित्तीय सहायताको लागि योग्य ठहर हुने वा नहुने ती सबै व्यक्तिहरूलाई, विना कुनै भेदभाव, सेवा-उपचार उपलब्ध गराउँछ जसको चिकित्सकीय दृष्टिले सङ्कटजनक अवस्था छ। नेशनवाइड चिल्ड्रेन्स-ले चिकित्सकीय स्क्रीनिङ्ग जाँचहरू एवम् स्थिर तुल्याउने उपचार उपलब्ध गराएर तथा आवश्यक ठहरिए, कुनै व्यक्तिलाई अन्य अस्पतालमा रेफर वा स्थानान्तरित गरेर, साथै 42 CFR 482.55 (वा कुनै परवर्ती नियामक) अनुरूप सङ्कटकालीन सेवाहरू उपलब्ध गराएर सङ्कटकालीन चिकित्सकीय उपचार एवम् प्रसव ऐन (EMTALA)-को पालन गर्नेछ। नेशनवाइड चिल्ड्रेन्स-ले सङ्कटजनक चिकित्सकीय अवस्थाहरूको लागि उपचार प्राप्त गर्नअघि सङ्कटकालीन विभागका रोगीहरूलाई रकमको भुक्तानी गर्न लगाउने अथवा सङ्कटकालीन चिकित्सकीय उपचारका प्रावधानहरूको उल्लंघन गर्दै ऋण सङ्ग्रहका कार्यवाहीहरूलाई अनुमति दिने जस्ता ती सबै कार्यवाहीहरूमाथि रोक लगाउँछ जसले व्यक्तिहरूलाई सङ्कटकालीन चिकित्सकीय उपचार खोज्ने दिशामा निरूत्साहित गर्छ अनि यस प्रक्रिया अन्तर्गत कुनै प्रकारको भेदभाव गरिँदैन।

**परिभाषाहरू:**

<u>मातहत संस्थाहरू</u> – अस्पतालमा सङ्कटकालीन अनि चिकित्सकीय दृष्टिले आवश्यक अन्य सेवा-उपचार उपलब्ध गराउने नेशनवाइड चिल्ड्रेन्स हस्पिटलको स्वामीत्वमा रहेका मातहत कम्पनीहरू जसमा चिल्ड्रेन्स एनेस्थेसिया एसोसिएट्स, चिल्ड्रेन्स रेडियोलोजिकल इन्सिट्युट, चिल्ड्रेन्स सर्जिकल एसोसिएट्स, पीडियाट्रिक एकेडेमिक एशोसिएसन्, तथा कोलम्बसका पीडियाट्रिक पेथोलोजी एसोसिएट्स पनि सामेल छन्। हुन त, चिल्ड्रेन्स कम्युनिटी प्रेक्टिसेस् -ले अस्पतालमा रोगीहरूलाई सेवा-उपचार उपलब्ध गराउँदैन, तर पनि यसको स्वामीत्व नेशनवाइड चिल्ड्रेन्स हस्पिटलसित छ अनि यसले यो नीति अनुरूप वित्तीय सहायता उपलब्ध गराउँछ।
<u>सामान्यतया बिल गरिने रकमहरू (AGB)</u> – बीमा भएका रोगीहरूलाई नेशनवाइड चिल्ड्रेन्स-द्वारा सामान्यतया पठाइने बिलहरूमा उल्लेख गरिएका रकमहरू।

<u>बाह्य विक्रेताहरू</u> – बिलहरू पठाउन तथा सङ्ग्रह गर्नको लागि एजेन्टहरूको रूपमा काम गर्न लगाइएका कम्पनीहरू।
<u>असाधारण सङ्ग्रहसित सम्बद्ध कार्यवाहीहरू</u> – 26 CFR 1.501(r)-6(b) (वा कुनै परवर्ती नियामक)-मा उल्लेख गरिएसरह, यो वित्तीय सहायता नीति अन्तर्गत उपलब्ध गराइएको सेवा-उपचार निम्ति प्रस्तुत गरिएको बिलको भुक्तानी प्राप्त गर्न नेशनवाइड चिल्ड्रेन्स-द्वारा कुनै व्यक्ति विरूद्ध गरिने कार्यवाहीहरू।
<u>परिवारको आकार</u> – यसमा रोगी, रोगीका जीवनसाथी, चाहे जीवनसाथी त्यो घरमा बसुन वा नबसुन, अनि घरमा बस्ने अठार वर्षभन्दा कम्ती उमेरका रोगीका सबै प्राकृतिक एवम् गोद लिइएका शिशुहरू सामेल हुनेछन्।  यदि रोगीको उमेर अठार वर्षभन्दा कम्ती छ भने, “परिवार”-मा रोगी, रोगीका प्राकृतिक वा दत्तक आमाबुवा (एक वा दुवै) (चाहे उनीहरू घरमा बसुन वा नबसुन), तथा घरमा बस्ने अठार वर्षभन्दा कम्ती उमेरका आमाबुवा (एक वा दुवै)-का प्राकृतिक एवम् गोद लिइएका शिशुहरू सामेल हुनेछन्।
<u>FAP</u> – यो वित्तीय सहायता नीति।
<u>संघीय निर्धनता स्तर</u> (FPL) – निर्धनताको सीमा रेखा तय गर्नको लागि युनाइटेड स्टेट्स सरकारद्वारा परिभाषित एक पैमाना, जो वार्षिक आम्दानी र घर-परिवारको आकारमाथि आधारित हुन्छ।
<u>सकल शुल्कहरू</u> – चिकित्सकीय सेवा-उपचार निम्ति चार्ज गरिएका रकमहरू।
<u>सकल आम्दानी</u> – कुनै पनि कटौतीभन्दा पहिलेको जम्मा आम्दानी।
<u>चिकित्सकीय दृष्टिले आवश्यक सेवा-उपचार</u> – औषधि विज्ञानका स्वीकृत मानकहरूलाई पूरा गर्ने स्वास्थ्य सेवासम्बन्धी ती सेवा एवम् आपूर्तिहरू, जो कुनै बिमारी, चोटपटक, अवस्था, रोग, वा यसका लक्षणहरूको रोकथाम, निदान, वा उपचारको लागि आवश्यक छन्।
<u>रोगीको जिम्मेवारी</u> – रोगीको बिलसित सम्बद्ध बीमाका सबै (वाणिज्यिक एवम् सरकारी भुक्तानकर्त्ता लगायत) भुक्तानीहरू, कटौतीहरू, एवम् छूटहरू पश्चात् बाँकी रहेको रकम जसको लागि सम्बद्ध व्यक्ति जिम्मेवार हुन्छ।

**निर्देशहरू:**

**<u>योग्यताका मापदण्डहरू</u>**

नेशनवाइड चिल्ड्रेन्स-मा सङ्कटकालीन अथवा चिकित्सकीय दृष्टिले आवश्यक अन्य सेवा-उपचार प्राप्त गरिरहेका वा प्राप्त गर्न खोजिरहेका सबै रोगीहरूले वित्तीय सहायता निम्ति आवेदन गर्न सक्छन्; यद्यपि, योग्यताको मूल्याङ्कन निम्ति उपयोग गरिने मापदण्डहरू भिन्ना-भिन्नै हुन सक्छन् जो रोगीले गैर-सङ्कटकालीन सेवा-उपचार खोजेको खण्डमा, उसको बसोबासोको स्थानमाथि आधारित हुन्छ।

वित्तीय सहायताको लागि अनुरोध गर्ने ओहायोका निवासीहरूले सर्वप्रथम उपलब्ध सरकारी सहायताको लागि आवेदन गर्नुपर्छ, जसमा ओहायो मेडिकेड (स्वस्थ शुरूआत एवम् स्वस्थ परिवारहरू), ओहायो अस्पताल सेवा-उपचार प्रत्याभूति कार्यक्रम (HCAP), तथा रक्सी, लागू पदार्थ एवम्, मानसिक स्वास्थ्य (ADAMH) बोर्ड सहायता सामेल छन्, तर यो यतिसम्म मात्रै सीमित छैन। सामाजिक सुरक्षा अनि मेडिकेयर करहरूबाट छूट प्राप्त गर्ने ओहायो निवासीहरूले यो आवश्यकतालाई हटाउनको लागि “सामाजिक सुरक्षा अनि मेडिकेयर करहरूबाट छूट तथा बेनेफिट (सुविधा)-हरूको वेभर (त्याग) निम्ति आवेदन” नामक फाराम 4029-लाई पूरा भरेर बुझाउनु अनिवार्य छ।  ती रोगीहरू जो ओहायोका निवासीहरू त हुन् तर यी कार्यक्रमहरू अन्तर्गत सुविधाहरू प्राप्त गर्न योग्य ठहर गरिएका छैनन् अनि ती रोगीहरू जो ओहायोका निवासीहरू होइनन् तर नेशनवाइड चिल्ड्रेन्स-मा सङ्कटकालीन चिकित्सकीय सेवा-उपचार प्राप्त गरिरहेका छन् भने, उनीहरू वित्तीय सहायता निम्ति योग्य ठहर हुन सक्छन् जो जम्मा सकल आम्दानी र परिवारको आकारमाथि आधारित हुन्छ अनि यसको विवरण तल दिइएको छ:

- संघीय निर्धनता स्तर (FPL)-को 200% वा कम्ती आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 100% माफ गरिनेछ।
- FPL-को 201% अनि 250%-को बीच आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 80% माफ गरिनेछ।
- FPL-को 251% अनि 300%-को बीच आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 60% माफ गरिनेछ।
- FPL-को 301% अनि 400%-को बीच आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 45% माफ गरिनेछ।

पारिवारिक आम्दानी FPL-को 200%-भन्दा अधिक तर FPL-को 450%-भन्दा कम्ती हुने ओहायोका निवासीहरू, जसको नेशनवाइड चिल्ड्रेन्सद्वारा पठाइने बिलहरूको रकम परिवारको वार्षिक हाउसहोल्ड आन्दानीको 20% -भन्दा अधिक हुन्छ, उनीहरूलाई यो नीतिका उद्देश्यहरू अन्तर्गत चिकित्सकीय दृष्टिले निर्धन ठहर गरिनेछ। चिकित्सकीय दृष्टिले निर्धन परिवारहरू रोगीको जिम्मेवारी अन्तर्गत अधिक छूटको लागि योग्य ठहर हुनेछन् अनि त्यो रकम नेशनवाइड चिल्ड्रेन्सका सबै बिलहरू निम्ति परिवारको रोगीको जिम्मेवारी, परिवारको वार्षिक हाउसहोल्ड आम्दानीको केही प्रतिशत (%) समान हुनेछ जसको वर्णन तल गरिएको छ:

- संघीय निर्धनता स्तर (FPL)-को 200% वा कम्ती आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 100% माफ गरिनेछ।
- FPL-को 201% अनि 250% -को बीच आम्दानी हुनेहरूको लागि दिनुपर्ने रकमबाट परिवारको वार्षिक हाउसहोल्ड आम्दानीको 5% बराबरको रकम माफ गरिनेछ।

- FPL-को 251% अनि 300% -को बीच आम्दानी हुनेहरूको लागि दिनुपर्ने रकमबाट परिवारको वार्षिक हाउसहोल्ड आम्दानीको 7% बराबरको रकम माफ गरिनेछ।
- FPL-को 301% अनि 450% -को बीच आम्दानी हुनेहरूको लागि दिनुपर्ने रकमबाट परिवारको वार्षिक हाउसहोल्ड आम्दानीको 10% बराबरको रकम माफ गरिनेछ।

ओहायो यू एस-मा निवास नगर्नेहरूले गैर-सङ्कटकालीन चिकित्सकीय सेवा-उपचार निम्ति वित्तीय सहायताको अनुरोध गरेको खण्डमा, यस्तो गैर-सङ्कटकालीन चिकित्सकीय सेवा-उपचार प्राप्त गर्नुभन्दा पहिले नै उनीहरूले वित्तीय सहायतालाई अनुमोदित गराउनु अनिवार्य छ। पूर्व-अनुमोदन प्राप्त गर्ने प्रक्रिया अन्तर्गत व्यक्तिले यसको चिकित्सकीय दृष्टिले मुनासिब कारण बताउने आवश्यकता हुन्छ कि किन ती सेवा-उपचारहरू रोगी निवास गर्ने राज्यको स्वास्थ्य सेवा केन्द्र नभएर नेशनवाइड चिल्ड्रेन्स-मा प्राप्त गरिनुपर्छ। नेशनवाइड चिल्ड्रेन्स-द्वारा यस्ता मुनासिब कारणहरूको समीक्षा गरिनेछ अनि नेशनवाइड चिल्ड्रेन्स-द्वारा रोगीहरूले बताएका चिकित्सकीय दृष्टिले मुनासिब कारणहरूलाई उचित ठहर गरिएको खण्डमा, उनीहरू वित्तीय सहायताको लागि योग्य ठहरिन सक्छन् जो जम्मा सकल आम्दानी तथा परिवारको आकारमाथि आधारित हुन्छ र यसको वर्णन तल गरिएको छ:

- संघीय निर्धनता स्तर (FPL)-को 200% वा कम्ती आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 100% माफ गरिनेछ।
- FPL-को 201% अनि 250%-को बीच आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 80% माफ गरिनेछ।
- FPL-को 251% अनि 300%-को बीच आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 60% माफ गरिनेछ।
- FPL-को 301% अनि 400%-को बीच आम्दानी हुनेहरूको लागि रोगीको जिम्मेवारीको 45% माफ गरिनेछ।

यू एस-मा निवास नगर्नेहरूले गैर-सङ्कटकालीन चिकित्सकीय सेवा-उपचार निम्ति वित्तीय सहायताको अनुरोध गरेको खण्डमा, यस्तो गैर-सङ्कटकालीन सेवा-उपचार प्राप्त गर्नभन्दा पहिले नै, उनीहरुले अन्तर्राष्ट्रिय रोगीहरूको कल्याणसित सम्बद्ध नेशनवाइड चिल्ड्रेन्सका नीति एवम् प्रक्रियाहरू अनुरूप, वित्तीय सहायतालाई अनुमोदित गराउनु अनिवार्य छ। नेशनवाइड चिल्ड्रेन्स-को अन्तर्राष्ट्रिय रोगीहरू निम्ति सञ्चालन समितिले परोपकारी सेवा-उपचार निम्ति अन्तर्राष्ट्रिय रोगीको योग्यताको निर्धारण गर्छ, जो कैयौं मापदण्हरूमाथि आधारित हुन्छ, अनि यसमा आवश्यक चिकित्सकीय हस्तक्षेप, यस्तो हस्तक्षेपले अन्तर्निहित चिकित्सकीय अवस्थाको सफलतापूर्वक समाधान गर्ने सम्भावना साथै हस्तक्षेप पश्चात् यथोचित हेरचाहको व्यवस्था, नेशनवाइड चिल्ड्रेन्स-को यस्तो हस्तक्षेप उपलब्ध गराउने अद्वितीय क्षमता, रोगी बसोबासो गर्ने मुलुकमा यस्ता सेवाहरूको उपलब्धता, बजेटसित सम्बद्ध प्रतिबन्धहरू, अनि अन्तर्राष्ट्रिय मामिलाहरूको लागि नेशनवाइड चिल्ड्रेन्सका परोपकारी सेवा-उपचारसित सम्बद्ध संसाधनहरूको अति नै दक्ष एवम् प्रभावी उपयोगलाई सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन समितिले उचित ठहर गरेका अन्य मापदण्डहरू सामेल छन्। नेशनवाइड चिल्ड्रेन्स-को स्वागत केन्द्रमा सम्पर्क गरेर अन्तर्राष्ट्रिय रोगीहरू निम्ति परोपकारी सेवा-उपचारको उपलब्धताबारे जानकारी हासिल गर्न सकिन्छ।

मेडिकेड अन्तर्गत नपर्ने तर चिकित्सकीय दृष्टिले आवश्यक सेवा-उपचार प्राप्त गर्ने मेडिकेड प्रापकहरूको लागि यस्ता चिकित्सकीय दृष्टिले आवश्यक सेवा-उपचारसित सम्बद्ध रोगीको जिम्मेवारीको 100% रकमलाई स्वतः नै माफ गरिनेछ। यस्ता परिस्थितिहरूमा वित्तीय सहायताको लागि आवेदन दिने आवश्यकता पर्दैन।

नेशनवाइड चिल्ड्रेन्स-को रोगी एकाउन्ट्स विभागमा पूर्ण रूपले भरिएको IRS फाराम 4029 बुझाउने अथवा परिवारको धार्मिक आस्थाको कारण परिवारले सरकारी सुविधाहरू प्राप्त गर्ने उसको अधिकारलाई त्याग गरेको छ भनी पुष्टि गर्ने साथै नेशनवाइड चिल्ड्रेन्स-लाई सन्तुष्ट तुल्याउने अन्य कागजातहरू उपलब्ध गराउने परिवारहरू रोगीको जिम्मेवारीमा छूटको लागि योग्य ठहरिनेछन् तथा यो रकम, FPL-को 301% अनि 400%-को बीच आम्दानी हुनेहरूलाई सम्बद्ध FAP अन्तर्गत उपलब्ध गराइने रकमको बराबर हुनेछ। यस्ता परिस्थितिहरूमा वित्तीय सहायताको लागि आवेदन दिने आवश्यकता पर्दैन।

“घरविहीनहरूको लागि आश्रय” -को ठेगाना भएका परिवारहरू रोगीको जिम्मेवारीमा 100% छूटको लागि योग्य ठहरिनेछन्। यस्ता परिस्थितिहरूमा वित्तीय सहायताको लागि आवेदन दिने आवश्यकता पर्दैन।

यो नीति अन्तर्गत वित्तीय सहायता निम्ति योग्यता निर्धारण गर्ने अन्तिम अधिकार, नेशनवाइड चिल्ड्रेन्सको रोगी एकाउन्ट्स विभागसित रहनेछ।

**<u>रोगीहरूलाई चार्ज गरिने अर्थात् शुल्कको रूपमा लिइने रकमको हिसाब निकाल्ने मूलआधार</u>**

यो FAP अन्तर्गत वित्तीय सहायता निम्ति योग्य ठहर गरिएका सङ्कटकालीन एवम् चिकित्सकीय दृष्टिले आवश्यक सेवा-उपचार प्राप्त गर्ने रोगीहरूबाट लिइने रकम AGB-भन्दा अधिक हुनेछैन। नेशनवाइड चिल्ड्रेन्स-ले “लुक-ब्याक अर्थात् सिंहावलोकन” तरिकाको उपयोग गरेर AGB-को हिसाब निकाल्छ, जसलाई संघीय नियामकहरू अन्तर्गत परिभाषित गरिएको छ, अनि यो 12 महिनाको अवधिमा मेडिकेयर फी-फर-सर्भिस (सेवाको लागि शुल्क) तथा सबै निजी स्वास्थ्य बीमाकर्ताहरूद्वारा अनुमत्ति प्रदान गरिएका सबै दाबीहरूलाई यी दाबीहरूको लागि नेशनवाइड चिल्ड्रेन्स-का सकल चार्ज (शुल्क)-हरूद्वारा भाग गरेर निकालिन्छ। नेशनवाइड चिल्ड्रेन्स-ले हरेक वर्षको जनवरी 1-मा AGB -को हिसाबलाई

अद्यावधिक बनाउँछ अनि यसको लागि उक्त जनवरी 1 अघि आउने सेप्टेम्बर महिनाको 30-मा समाप्त हुने 12 महिनाको अवधिका डेटाहरूको उपयोग गरिन्छ। क्यालेण्डर वर्ष 2021-को लागि, AGB 80.1% बराबर छ

वित्तीय सहायताको लागि योग्य ठहर भएको व्यक्तिबाट केवल त्यो रकम लिइन्छ जसको भुक्तानीको लागि ऊ व्यक्तिगत रूपले जिम्मेवार छ, अनि यसको हिसाब सबै कटौतीहरू र छूटहरू (FAP अन्तर्गत उपलब्ध छूटहरू लगायत) पश्चात्-को रकमबाट बीमाकर्त्ताहरूद्वारा प्रदान गरिएका प्रतिपूर्तिको कुनै रकम (वाणिज्यिक अनि सरकारी भुक्तानकर्त्ता, दुवै) घटाएर निकालिन्छ।

**<u>वित्तीय सहायताको लागि आवदेन गर्ने तरिका</u>**

वित्तीय सहायता प्राप्त गर्नु हो भने, व्यक्तिले नेशनवाइड चिल्ड्रेन्स-को रोगी एकाउन्ट्स विभागमा वित्तीय सहायताको लागि आवेदन दिनु अनिवार्य छ। यो नीति अन्तर्गत 100% छूटको तह (अर्थात् ती व्यक्तिहरू जसको पारिवारिक आम्दानी FPL-को 200% वा त्यसभन्दा कम्ती छ)-को लागि आवेदन गर्ने व्यक्तिहरूले वित्तीय सहायता आवेदन पत्रलाई पूरा भरेर वित्तीय सहायता आवदेनमा सूचीबद्ध जानकारी एवम् कागजातहरू उपलब्ध गराउनु अनिवार्य छ। अन्य सबै आवेदकहरूले टेलिफोन मार्फत रोगी एकाउन्ट्स विभागलाई आवश्यक जानकारी उपलब्ध गराउन सक्छन्, यसमा कागजी आवेदन पत्रको आवश्यकता पर्दैन। नेशनवाइड चिल्ड्रेन्स-सित वेतन पर्चाहरू, W-2-हरू, अनि आयकर रिटर्नहरूका प्रतिलिपिहरू माग्ने अधिकार सुरक्षित छ।

वित्तीय सहायता निम्ति आवेदन (माथि भनिएसरह लिखित रूपमा अथवा टेलिफोन मार्फत)-लाई अनिवार्य रूपमा निम्न तरिकाले बनाइनुपर्छ:

- FPL-को 100% वा त्यसभन्दा तलका रोगीहरू निम्ति अस्पतालका आउटपेसेन्ट (बहिरङ्गी) सेवाहरू HCAP अन्तर्गत पर्छन् अनि, यसो हुँदा, सेवाको प्रारम्भिक तारिख पछिका हरेक 90 दिनहरूमा एक नयाँ आवेदन आवश्यक ठहर्छ। अन्य सबै रोगीहरूको लागि अस्पतालका आउटपेसेन्ट सेवाहरू निम्ति सेवाको प्रारम्भिक तारिख पछिका हरेक 180 दिनहरूमा एक नयाँ आवदेन आवश्यक ठहर्छ। HCAP अन्तर्गत अपाङ्गता सहायता (DA) कार्यक्रम अथवा यसको परवर्ती कार्यक्रमबाट लाभ उठाइरहेका व्यक्तिहरूले हरेक महिना एका नयाँ आवदेन बुझाउनु अनिवार्य छ।
- यदि रोगीलाई अस्पतालबाट छुट्टी दिइएका 45 दिनहरू भित्र समान बिमारी वा अवस्थाको लागि पुनः अस्पतालमा भर्ना गरिएको छैन भने, त्यस स्थितिमा अस्पतालमा गरिने हरेक भर्नाको लागि एक छुट्टै वित्तीय सहायतासम्बन्धी आवदेन बुझाउनु अनिवार्य छ। त्यसपछि अस्पतालमा पुनः भर्ना गरिएको स्थितिमा त्यही आवदेनले काम गर्नेछ, तर त्यो भर्ना 45 दिनहरू भित्र अनि सम्बद्ध चिकित्सकीय अवस्थाको लागि गरिएको हुनुपर्छ। आउटपेसेन्ट एकाउन्टहरूलाई इनपेसेन्ट (अन्तरङ्ग रोगी) एकाउन्टसित सम्बद्ध आवदेनसित जोड्न सकिन्छ, तर इनपेसेन्ट भिजिटलाई आउटपेसेन्ट एकाउन्टहरू भएको आवदेनसित जोड्न सकिँदैन।

यो नीति अन्तर्गत कुनै व्यक्ति वित्तीय सहायता निम्ति योग्य ठहर हुन्छ वा हुँदैन, सो निर्धारित गर्नको लागि नेशनवाइड चिल्ड्रेन्स-ले पहिलेको FAP योग्यता निर्धारणको उपयोग गर्दैन।

वित्तीय सहायता निम्ति सम्भावित योग्यता
FAP अन्तर्गत उपलब्ध सर्वाधिक उदार सहायताको लागि FAP-योग्यताको मूल्याङ्कन गर्न नेशनवाइड चिल्ड्रेन्स हस्पिटलले तेस्रो पक्षको उपयोगद्वारा रोगीसम्बन्धी जानकारीको समीक्षा प्रक्रियालाई सञ्चालित गर्न सक्छ। यो समीक्षा एवम् विश्लेषणले स्वास्थ्य सेवा उद्योगद्वारा मान्यता प्रदान गरिएको, भविष्यसूचक मोडलको उपयोग गर्छ। FAP अन्तर्गत उपलब्ध सर्वाधिक उदार सहायताभन्दा कम सहायताको लागि सम्भावित योग्यताको निर्धारण प्रक्रियामा यस्ता समीक्षाहरूको उपयोग गरिनेछैन।

**<u>भुक्तान नगरेको स्थितिमा गर्नसकिने कार्यवाहीहरू</u>**

असाधारण सङ्ग्रहको लागि कार्यवाहीहरू गर्नभन्दा पहिले नेशनवाइड चिल्ड्रेन्स-ले ऋण सङ्ग्रह गर्ने हरसम्भव प्रयास गर्नेछ साथै व्यक्तिको FAP योग्यतालाई निर्धारित गर्नको लागि यथोचित प्रयासहरू गर्नेछ। यस्ता यथोचित प्रयासहरूमा अस्पतालबाट छुट्टी दिइएका प्रथम 120 दिनहरूमा तल वर्णन गरिएको कार्यक्रमअनुसार जिम्मेवार पक्षलाई विवरणहरू पठाउनु साथै फोन गर्नु जस्ता कार्यहरू सामेल हुनेछन्। नेशनवाइड चिल्ड्रेन्स-ले ऋण सङ्ग्रहमा सहयोग निम्ति कुनै बाह्य भेन्डर (विक्रेता)-का सेवाहरूको उपयोग गर्न सक्छ।

| | |
|---|---|
| 0 - 30 दिनहरू | वित्तीय सहायता उपलब्ध छ भन्ने लिखित सूचना, FAP आवेदन फाराम, तथा FAP आवेदन प्रक्रियामा व्यक्तिले सहायता प्राप्त गर्ने तरिकाको वर्णनका साथ प्रथम बिलिङ्ग स्टेटमेन्ट (तिर्नुपर्ने रकमहरूको विवरण) पठाइन्छ। |
| 31 - 60 दिनहरू | FAP-को साधारण भाषामा सार-संक्षेप अनि अस्पतालबाट छुट्टी दिइएपछि पठाइएको दोस्रो बिलिङ्ग स्टेटमेन्टका 365 दिनहरू भित्र तिर्नुपर्ने रकमहरूको भुक्तानी नगरिएको खण्डमा नेशनवाइड चिल्ड्रेन्स-ले भुक्तानी नगरिएको रकमबारे क्रेडिट (ऋण) ब्युरोसमक्ष रिपोर्ट गर्न सक्छ भन्ने सूचनाका साथ दोस्रो बिलिङ्ग स्टेटमेन्ट पठाइन्छ। |

| | |
|---|---|
| | यसको अतिरिक्त, व्यक्तिलाई नेशनवाइड चिल्ड्रेन्स-को FAP तथा FAP आवेदन प्रक्रियामा व्यक्तिले सहायता प्राप्त गर्ने तरिकाबारे मौखिक रूपले सूचित गर्न एकपल्ट फोन गरिन्छ। |
| 61 - 90 दिनहरू | FAP-को साधारण भाषामा सार-संक्षेप अनि अस्पतालबाट छुट्टी दिइएपछि पठाइएको तेस्रो बिलिङ्ग स्टेटमेन्टका 365 दिनहरू भित्र तिर्नुपर्ने रकमहरूको भुक्तानी नगरिएको खण्डमा नेशनवाइड चिल्ड्रेन्स-ले भुक्तानी नगरिएको रकमबारे क्रेडिट (ऋण) ब्युरोसमक्ष रिपोर्ट गर्न सक्छ भन्ने सूचनाका साथ दोस्रो बिलिङ्ग स्टेटमेन्ट पठाइन्छ।<br>यसको अतिरिक्त, व्यक्तिलाई नेशनवाइड चिल्ड्रेन्स-को FAP तथा FAP आवेदन प्रक्रियामा व्यक्तिले सहायता प्राप्त गर्ने तरिकाबारे मौखिक रूपले सूचित गर्न एकपल्ट फोन गरिन्छ। |
| 91 - 120 दिनहरू | FAP-को साधारण भाषामा सार-संक्षेप अनि अस्पतालबाट छुट्टी दिइएपछि पठाइएको चौथो बिलिङ्ग स्टेटमेन्टका 365 दिनहरू भित्र तिर्नुपर्ने रकमहरूको भुक्तानी नगरिएको खण्डमा नेशनवाइड चिल्ड्रेन्स-ले भुक्तानी नगरिएको रकमबारे क्रेडिट (ऋण) ब्युरोसमक्ष रिपोर्ट गर्न सक्छ भन्ने सूचनाका साथ दोस्रो बिलिङ्ग स्टेटमेन्ट पठाइन्छ।<br>यसको अतिरिक्त, व्यक्तिलाई नेशनवाइड चिल्ड्रेन्स-को FAP तथा FAP आवेदन प्रक्रियामा व्यक्तिले सहायता प्राप्त गर्ने तरिकाबारे मौखिक रूपले सूचित गर्न दुइपल्ट फोन गरिन्छ। |

वित्तीय सहायता उपलब्ध छ भन्ने लिखित सूचना, FAP आवेदन फाराम, अनि FAP आवेदन प्रक्रियामा व्यक्तिले सहायता प्राप्त गर्ने तरिकाबारे जानकारीको अतिरिक्त, सबै बिलिङ्ग स्टेटमेन्टहरूमा एक सोझो वेबसाइटको ठेगानालाई पनि सामेल गरिएको हुन्छ, जहाँबाट FAP, FAP आवदेन फाराम साथै FAP-को साधारण भाषामा सार-संक्षेपका प्रतिलिपिहरू प्राप्त गर्न सकिन्छ।

नेशनवाइड चिल्ड्रेन्स-ले प्रारम्भिक बिलिङ्ग स्टेटमेन्टको तारिखको 1 वर्ष पश्चात् भुक्तान नगरिएका रकमहरूबारे क्रेडिट (ऋण) ब्युरोसमक्ष रिपोर्ट गर्न सक्छ।  यदि कुनै व्यक्तिका बिलहरूमा कैयौं थरीका सेवा-उपचारका रकमहरूलाई सामेल गरिएको छ भने, अस्पतालबाट छुट्टी दिइए पश्चात् पठाइएको प्रथम बिलिङ्ग स्टेटमेन्टका कम्तीमा पनि 120 दिनहरूसम्म भुक्तान नगरिएको रकमबारे क्रेडिट ब्युरोसमक्ष रिपोर्ट गरिनेछैन अनि यहाँ प्रथम बिलिङ्ग स्टेटमेन्ट भनेको त्यो स्टेटमेन्ट हो जसमा नवीनतम सेवा-उपचारलाई सामेल गरिएको हुन्छ।

यदि कुनै व्यक्तिले आवदेनको अवधि (अर्थात् अस्पतालबाट छुट्टी दिइए पश्चात् पठाइएको प्रथम बिलिङ्ग स्टेटमेन्टका 240 दिनहरूसम्म)-मा अपूर्ण FAP आवदेन बुझाएको छ भने, नेशनवाइड चिल्ड्रेन्स-ले सो व्यक्तिलाई एक लिखित सूचना पठाउनेछ जसमा FAP अन्तर्गत आवश्यक थप जानकारी अनि/अथवा आवश्यक कागजातहरूको बारेमा वर्णन गरिएको हुन्छ अथवा त्यहाँ FAP आवेदनलाई पूर्ण रूपले भरेर अनिवार्य रूपमा बुझाउनको लागि FAP आवेदन फाराम साथै नेशनवाइड चिल्ड्रेन्स-को त्यो विभागको सम्पर्क जानकारी पठाइएको हुनेछ, जुन विभागले FAP-बारे जानकारी तथा आवेदन प्रक्रिया पूरा गर्नको लागि सहायता उपलब्ध गराउन सक्छ। कुनै व्यक्ति FAP अन्तर्गत वित्तीय सहायताको लागि योग्य छ वा छैन अथवा कुनै व्यक्तिले यथोचित अवधि भित्र अतिरिक्त जानकारी अनि/अथवा कागजातहरूको लागि गरिएको अनुरोधको जवाफ दिएको छ वा छैन, त्यसको निर्धारण नेशनवाइड चिल्ड्रेन्स-ले नगरून्जेल असाधारण सङ्ग्रहका कुनै पनि कार्यवाहीलाई नेशनवाइड चिल्ड्रेन्स-ले स्थगित गर्नेछ (अनि, यदि लागू हुन्छ भने, बाह्य भेन्डरहरूलाई यस्ता प्रयासहरूलाई स्थगित गर्नको लागि भन्नेछ)।

आवेदनको अवधि भित्र पूर्ण रूपले भरिएको FAP आवदेन प्राप्त भएपछि, नेशनवाइड चिल्ड्रेन्स-ले व्यक्ति सेवा-उपचार निम्ति FAP-योग्य छ वा छैन, सो निर्धारित गर्छ तथा व्यक्तिलाई यो योग्यता निर्धारण (यदि लागू हुन्छ भने, त्यो सहायता जो प्राप्त गर्ने योग्यता व्यक्तिसित छ, सो लगायत) साथै यो निर्धारणका आधारहरूबारे लिखित रूपमा सूचित गर्नेछ। यदि व्यक्ति निःशुल्क सेवा-उपचार नभएर अन्य सहायताको लागि योग्य छ भनी निर्धारित गरियो भने, नेशनवाइड चिल्ड्रेन्स-ले निम्न कुरोहरू गर्नेछ:

- व्यक्तिलाई यस्तो बिलिङ्ग स्टेटमेन्ट उपलब्ध गराउनेछ जसमा एक FAP-योग्य व्यक्तिको रूपमा उसले तिर्नुपर्ने रकम साथै त्यो रकमको हिसाब निकाल्ने तरिकाको उल्लेख गरिएको हुनेछ। यस्तो बिलिङ्ग स्टेटमेन्टमा व्यक्तिले सेवा-उपचार निम्ति AGB-सित सम्बद्ध जानकारी प्राप्त गर्ने तरिकाको बारेमा पनि वर्णन गरिएको हुन्छ।
- एक FAP-योग्य व्यक्तिको रूपमा जति रकमको भुक्तानी गर्नको लागि ऊ व्यक्तिगत रूपमा जिम्मेवार छ, त्यसभन्दा अधिक रकमको भुक्तानी गरिएको छ भने, व्यक्तिलाई त्यो अतिरिक्त रकम फिर्ता गरिनेछ।
- यस्तो भुक्तानी प्राप्त गर्नको लागि व्यक्ति विरूद्ध असाधारण सङ्ग्रहसित सम्बद्ध कुनै प्रकारको कार्यवाही गरिएको छ भने, त्यसलाई रद्द गर्नको लागि उपलब्ध सबै यथोचित उपायहरू अपनाउनेछ।

यदि कुनै व्यक्तिले FAP आवेदन बुझाएको छ अनि, नेशनवाइड चिल्ड्रेन्स-ले उक्त व्यक्ति FAP-योग्य छ वा छैन भनी निर्धारित गर्नभन्दा पहिले नै उसले मेडिकेड योग्यताको लागि आवेदन गर्छ भने, त्यस व्यक्तिले मेडिकेड आवेदनलाई पूरा गरेर त्यसलाई बुझाएपछि उसको मेडिकेड योग्यताको निर्धारण नभइञ्जेल, नेशनवाइड चिल्ड्रेन्स-ले त्यो व्यक्तिको FAP-योग्यताको निर्धारणलाई पछि सार्नेछ, अनि असाधारण सङ्ग्रहसित सम्बद्ध कुनै पनि कार्यवाहीहरूमा नेशनवाइड चिल्ड्रेन्स संलग्न हुनेछैन।

## नेशनवाइड चिल्ड्रेन्स-मा सङ्कटकालीन एवम् चिकित्सकीय दृष्टिले आवश्यक अन्य सेवा-उपचारहरू उपलब्ध गराउने सेवा प्रदाताहरूको सूची

नेशनवाइड चिल्ड्रेन्स-मा सङ्कटकालीन एवम् चिकित्सकीय दृष्टिले आवश्यक अन्य सेवा-उपचारहरू प्रदान गर्ने सेवा प्रदाताहरूको विस्तृत वर्णनसहितको सूची तथा उनीहरूका पेसागत सेवाहरू नेशनवाइड चिल्ड्रेन्स-को FAP अन्तर्गत आउँछन् वा आउँदैनन्, त्यसलाई http://www.nationwidechildrens.org/financial-assistance -मा हेर्न सकिन्छ, अथवा सम्पर्क जानकारी अन्तर्गत तल सूचीबद्ध विभागहरूसित सम्पर्क गरेर त्यसको कागजी प्रतिलिपि प्राप्त गर्न सकिन्छ।

## वित्तीय सहायता नीति, वित्तीय सहायता नीतिको साधारण भाषामा सार-संक्षेप तथा वित्तीय सहायता आवेदनको उपलब्धता

वेब साइट एक्सेस्
https://www.nationwidechildrens.org/your-visit/billing-and-insurance/financial-assistance
कागजी प्रतिलिपिहरू

- रोगी वा जिम्मेवार पक्षको अनुरोधमा निःशुल्क उपलब्ध।
- नेशनवाइड चिल्ड्रेन्स-को प्रमुख क्याम्पस् (सङ्कटकालीन कक्ष लगायत)-का भर्ना गरिने वा पञ्जीकरण गरिने कुनै पनि क्षेत्रहरू साथै अफसाइट (मुख्य स्थलदेखि टाढा) अवस्थितिहरूका प्रवेश स्थलहरूमा कागजी प्रतिलिपिहरू उपलब्ध गराइन्छन्।
- अनुरोध गरिएको खण्डमा, पत्रहरू साथै वित्तीय सहायता आवेदनहरूलाई रोगीहरू अनि/अथवा आमाबुवाहरूसमक्ष मेल गरेर पठाइन्छ।
- सबै बिलिङ्ग स्टेटमेन्टहरूमा स्टेटमेन्टको पछाडिपट्टि वित्तीय सहायता आवदेन साथै त्यो विभागको सम्पर्क जानकारी हुन्छ जसले आवदेनसम्बन्धी प्रक्रियामा सहायता उपलब्ध गराउन सक्छ।

अस्पताल फेसिलिटिमा रोगीहरूलाई सूचना एवम् जानकारी उपलब्ध गराइन्छ

- वित्तीय सहायताको उपलब्धताबारे रोगीहरू वा जिम्मेवार पक्षलाई जानकारी दिनको लागि नेशनवाइड चिल्ड्रेन्स-को प्रमुख क्याम्पस् (सङ्कटकालीन कक्ष लगायत)-का भर्ना गरिने वा पञ्जीकरण गरिने कुनै पनि क्षेत्रहरू तथा अफसाइट (मुख्य स्थलदेखि टाढा) अवस्थितिहरूमा सूचना-पाटीहरू लगाइएका छन्।
- दोस्रो बिलिङ्ग स्टेटमेन्ट जारी गरिएपछि वित्तीय सहायताको प्रस्ताव दिनको लागि स्वचालित टेलिफोन कलहरू गरिन्छन्।
- नेशनवाइड चिल्ड्रेन्स-का वित्तीय परामर्शदाताहरूले वित्तीय सहायताको खाँचो भएका रोगीहरूलाई उनीहरूका कक्षहरू वा क्लिनिकहरूमा गएर भेटघाट गर्छन्।

व्यापक समुदायलाई सूचना तथा जानकारी दिनु

- FAP, FAP-को साधारण भाषामा सार-संक्षेप अनि वित्तीय सहायता आवदेन, यी सबैलाई www.NationwideChildrens.org-मा प्राप्त गर्न सकिन्छ।
- नेशनवाइड चिल्ड्रेन्स-ले समय-समयमा FAP-को साधारण भाषामा सार-संक्षेप तथा वित्तीय सहायता आवेदनलाई फ्र्याङ्कलीन काउन्टीका संघीय मान्यता प्राप्त स्वास्थ्य केन्द्रहरू साथै नेशनवाइड चिल्ड्रेन्स-का मेडिकल स्टाफका ती सदस्यहरू जो समुदाय आधारित चिकित्सकहरू पनि हुन्-सित पनि साझा गर्छ अनि यसको उद्देश्य, यी सेवा प्रदाताहरूका रोगीहरूलाई कागजातहरू तत्काल एवम् सजिलैसित उपलब्ध गराउनु हो।

अनुवाद गरिएका कागजातहरू

- फ्र्याङ्कलीन काउन्टीका 1,000-भन्दा कम्ती अथवा 5 प्रतिशत अनि नेशनवाइड चिल्ड्रेन्स-द्वारा समुचित रूपमा प्रभावित हुने सम्भावना भएका अन्यहरूका ती भाषिक समुदायहरूलाई वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन, तथा FAP-को साधारण भाषामा सार-संक्षेपलाई उनीहरू बोल्ने भाषामा उपलब्ध गराइनेछ, जसको अङ्ग्रेजी भाषामा सीमित दक्षता (LEP) छ। यस्ता भाषिक आवश्यकताहरूको हरेक वर्ष समीक्षा गर्न अनि आवश्यकताअनुसार कागजातहरूका अनूदित संस्करणहरू उपलब्ध गराउनको लागि रोगी एकाउन्ट्सका निर्देशक जिम्मेवार रहनेछन्।

सम्पर्क जानकारी

| परामर्शदाताहरू | अवस्थिति | फोन |
|---|---|---|
| **नेशनवाइड चिल्ड्रेन्सका** वित्तीय परामर्शदाताहरू | भर्ना गर्ने कार्यालय | **(614) 722-2070** |

| | | |
|---|---|---|
| | 700 चिल्ड्रेन्स ड्राइभ वा नेशनवाइड चिल्ड्रेन्स-का कुनै पनि अवस्थितिहरूमा एपोएन्टमेन्टद्वारा | |
| **नेशनवाइड चिल्ड्रेन्सको** ग्राहक सेवा | रोगी एकाउन्ट्स केवल फोन कलहरू | **(614) 722-2055** |

**नेशनवाइड चिल्ड्रेन्स हस्पिटलका बोर्ड अफ डाइरेक्टर्सको**
**वित्तीय एवम् लेखा-जाँच समिति-द्वारा**
**नोभेम्बर ___, 2020-मा अनुमोदित:**

______________________________ ______________

लुक ब्राउन
प्रमुख वित्तीय अधिकारी

तारिख